# संयुक्त राजनीतिक दलित संघर्ष समिति

**श्री सम्माननीय प्रधानमंत्रीज्यू**
**नेपाल सरकार, प्रधानमंत्री तथा मंत्रीपरिषदको कार्यालय**
**सिंहदरबार, काठमाडौं ।**

**विषय : काभ्रेकी लक्ष्मी परियारको हत्या सम्वन्धमा ज्ञापन पत्र ।ः**

**सम्माननीय प्रधानमंत्रीज्यू,**
सदियौंदेखि नेपाली समाजमा सबैभन्दा बढी बहिष्करणमा पारिएको दलित समुदाय आफ्नो अधिकार र मर्यादाका लागि सम्पूर्ण नेपाली राजनीतिक दलहरुसंग आबद्ध राजनीतिक दलित संगठनहरु साभा मागकासाथ संयुक्त राजनीतिक दलित संघर्ष समितिको अगुवाईमा निरन्तर आन्दोलनमा रहेको सगौरव अवगत गराउन चाहन्छौं । काभ्रेका अजित मिजारको हत्याकाण्डको उचित छानबीन नभई उनको दाहसंस्कार समेत गर्न नपाउँदै सोही जिल्लाको सानोबाङ्थली गाविस वडा नं. ७ की लक्ष्मी परियारको दलित भएकै कारण निर्ममतापूर्वक लज्जाष्पद हत्या भएको घट्नाले हामीलाई मर्माहत तुल्याएको छ । त्यसैले सम्माननीय प्रधानमंत्रीज्यूको नेतृत्वमा दलित समुदायमाथि संगठीत रुपमा बढ्दै गएको यस खाले घट्नाहरुका विषयमा विशेष पहलकदमी लिन यस ज्ञापन पत्र मार्फत ध्यानाकर्षण गराउन चाहन्छौं ।

**घट्नाको विवरण :**
काभ्रेपाल्चोक जिल्ला सानोबाङ्थली गाविस वडा नं.७ कि लक्ष्मी परियारलाई २०७३ मंसीर २० गते स्थानीय सूर्योदय माविका शिक्षक हिरा लामा र निजकी आमा काईलीमायालगायतले दलित भएकै कारण आफ्नो भैंसीको पिठ्यूमा घाउ बनाई दिएको भन्दै मलमूत्र खुवाई कुटपीट गरिएको कारण लक्ष्मीको मृत्यू भएको छ । विद्यालय जस्तो पवित्र संस्थामा कार्यरत शिक्षक जस्तो व्यक्तिको अगुवाईमा बालवालिका र आमजनसमुदायको माभमा लक्ष्मी परियारलाई विद्यालयको चौरमा भएको पोलमा डोरीले बाँधी कुटपीट गरी जातीय विभेदजन्य गालीगलौच गरी जबरजस्ती मलमूत्र खुवाउने काम गरेको छ । यस्तो गम्भिर प्रकृतिको फौजदारी अपराधमा नेपाल प्रहरीले प्रत्यक्ष मिलोमतोमा मिलापत्र गराउने गरी उल्टै लक्ष्मीबाट रु. ६ हजार जरिवाना तिनुपर्ने अन्यायपूर्ण निर्णय गरेकोले घट्नालाई भन गम्भिर बनाएको छ । अहिले निज हिरा लामालगायतका अपराधीलाई हिरासतमा राखिएको भएपनि निज लक्ष्मी परियारका श्रीमान्लाई समेत अनुसन्धानका लागि भन्दै हिरासतमा राख्ने काम गरेको छ । निजलाई कानून विपरित प्रहरीले हिरासतमा कानमा रगत आउने गरी कुटपिट गरेको र हिरा लामाले पनि बेलाबेलामा मार्ने धम्की दिदा पनि प्रहरी मुख दर्शक हुनुले लक्ष्मीको हत्यारा निजकै श्रीमान् हो भन्ने प्रमाणित गर्न खोजिदै छ भन्ने कुरा विभिन्न तथ्यले पुष्टी गरेको छ । यस घट्नामा स्थानीय प्रहरी प्रशासन पीडितमाथि भन पीडा थप्ने र पीडकलाई प्रोत्साहित गर्ने गैरजिम्मेवार काम गरिरहेको बुभिएको स्पष्ट छ ।

**हाम्रा मागहरु :**
१. लक्ष्मी परियारका हत्यारालाई तत्काल हदैसम्मको कानूनी कार्वाही गरियोस् साथै पीडित परिवारलाई राहत तथा क्षेतिपूर्तिको व्यवस्था सहित लक्ष्मी परियारका नावालकहरुको लालनपालन तथा शिक्षादीक्षाको दीर्घकालिन सुनिश्चितताको व्यवस्था गरियोस ।

२. लक्ष्मी परियारमाथि भएको कुटपिट र मलमूत्र खुवाउने जस्तो अमानवीय व्यवहारलाई पनि आफ्नो अधिकार क्षेत्र नभएको भन्दै झुटठा मुद्दामा ६ हजार रुपियाँ पीडक पक्षलाई तिर्नुपर्ने भन्दै कागज गराउने नेपाल प्रहरीका अधिकारी प्रेमकुमार चौधरीलाई तत्काल निलम्बन गरी कार्वाही गरियोस् ।

३. अनुसन्धानको लागि भन्दै उल्टै मृतक लक्ष्मी परियारका श्रीमानलाई तत्काल विना शर्त रिहाई गरियोस ।

४. सानोवाङ्थली गाविस ७ का दलित परिवार यस घट्नाका कारण त्रासमा बाँच्न बाध्य भएका छन् त्यसैले नेपाल सरकारबाट सो दलित वस्तीको सुरक्षाको सुनिश्चितता गरियोस ।

५. मुलुकभरि यस खाले घट्ना घट्न नदिन र घटेका घट्नाहरुमा आवश्यक प्रशानिक निगरानी गरी तत्काल कार्वाही प्रक्रिया अघि बढाउन सम्माननीय प्रधानमंत्रीज्यूको नेतृत्वको सल्लाहकार समिति र मुख्य सचिवको नेतृत्वमा रहेको उच्चस्तरीय संयन्त्रलाई कामकाजी बनाइयोस ।

यदि उक्त ५ सूत्रीय माग पूरा नभएको खण्डमा संयुक्त राजनीतिक दलित संघर्ष समिति मानव मर्यादा र न्यायको लागि देशव्यापी आन्दोलनमा जाने कुराको समेत यसै ज्ञापन पत्र मार्फत सम्मानीय प्रधानमंत्री ज्यूको ध्यानाकर्षण गराउन चाहन्छौं ।

**संयुक्त राजनीतिक दलित संघर्ष समितिका घटक संघ/संगठनका प्रमुखहरु**

१. डम्मरबहादुर विश्वकर्मा संयोजक, संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा अध्यक्ष - दलित मुक्ति मोर्चा नेपाल
२. लक्ष्मी परियार - महासचिव, - नेपाल दलित संघ
३. जीतु गौतम - अध्यक्ष, नेपाल उत्पीडित जातीय मुक्ति समाज
३. तिलक पयिार - अध्यक्ष - नेपाल दलित मुक्ति मोर्चा
४. गौरा नेपाली - प्रतिनीधि, जातीय समता समाज
५. टीकाराम दियाली - अध्यक्ष, विभेदमुक्ति प्रगतिशील समाज
६. उपेन्द्र छट्कुन्जेल - अध्यक्ष, नेपाल राष्टिय दलित केन्द्र
७. अमर परियार - अध्यक्ष - नेपाल दलित मुक्ति मोर्चा
८. सेवल राम - अध्यक्ष, नेपाल सद्भावना दलित मंच

अन्य आमन्त्रितहरु

१. गणेश विश्वकर्मा : मुक्ति समाज नेपाल
२. रणेन्द्र बराली : नेपाल दलित मुक्ति मोर्चा
३. रामलाल विश्वकर्मा - दलित मुक्ति मोर्चा नेपाल
४. त्रिलोकचन्द विश्वकर्मा बि.क. राष्ट्रिय अध्यक्ष - नेपाल राष्ट्रिय दलित समाज
५. पद्म सुन्दास - नागरिक समाज - दलित
६. रेनु सिजापति - महासचिव - दलित महिला संघ
७. राम नेपाली - नेपाल दलित मुक्ति मोर्चा, सदस्य
८. शिवहरि ग्यवाली - जागरण मिडिया सेन्टर,